सिद्धिचरण नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

ओखलढुङ्गा

१ नं प्रदेश नेपाल

प.सः०७८/०७९

च.नः १३४४ मितिः२०७८।०९।१६

## मध्यम प्रविधियूक्त बहुउदेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रमको दरखास्त आव्हानको सूचना।

**दोस्रो पटक प्रकाशित मितिः२०७८/०९/१६**

यस कार्यालयको चालु आर्थिक वर्ष ०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम (सशर्त) अन्तरगत प्रथम पटक प्रकाशित मितिल २०७८/०८/२३ को सूचना अनुसार १ वटा मात्र प्रस्ताव पेश हुन आएको हुदा दोस्रो पटक सूचना प्रकाशन गरी नगर क्षेत्रका कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्महरुलाई मध्यम प्रविधियूक्त फलफूल नर्सरी स्थापना गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्महरुले तपसिलमा उल्लेखित शर्त बमोजिम दोस्रो पटक सूचना प्रकाशित मितिले ७ (मिति २०७८/०९/२२ सम्म) दिनको कार्यालय समय भित्र यस कार्यालयको कृषि विकास शाखामा दरखास्त दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

संलग्न राख्नुपर्ने कागजात एवम् शर्तहरुः

१. संस्था / फर्म दर्ताको प्रमाणपत्र / पान दर्ताको प्रतिलिपी(नविकरण गरेको भाग समेत देखिने गरी)

२. कृषक समूह/ कृषि सहकारी/कृषि फर्मले आफ्ना सदस्य कृषक छनौट गरी निजहरुका लागि कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी सहित संस्थाको निवेदन।

३. सम्बन्धित वडाको सिफारिस पत्र।

४. नर्सरी स्थापना गरिने स्थानको न्यूनतम २ (दुई) रोपनी क्षेत्रफल खुल्ने जग्गा धनिपूर्जाको प्रतिलिपी वा जग्गा करारमा लिई नर्सरी स्थापना गर्ने भए कम्तिमा १० वर्ष सम्मको करारनामा सम्झौता पत्र।

५. नर्सरीको मुख्य उत्पादन फलफूलका विरुवा हुनु पर्ने छ र अन्य उत्पादनको रुपमा तरकारी/आलंकारिक विरुवा उत्पादन गरिनु पर्ने छ। सुन्तलाजात फलफूल विरुवा उत्पादनको हकमा समुन्द्रि सतहदेखि १००० मिटर भन्दा माथि नर्सरी स्थापना गर्नु पर्ने छ।

नोटः नर्सरी व्यवस्थापन तथा विरुवा उत्पादन सम्बन्धि तालिम लिएका,कृषि विषय अध्ययन गरी नर्सरी स्थापना गर्न चाहने व्यक्तिलाई पहिलो प्राथमिकता दिइने छ।

**थप जानकारीका लागि कृषि शाखा प्रमुख भीम बहादुर दर्जी (सम्पर्क नं ९८५११६३३८०) र ना.प्रा.स विरेन्द्र तामाङ (सम्पर्क नं ९८५२०६११०३) लाई सम्पर्क गर्न सकिने छ।**

इन्द्रराज राई

निमित्त प्रमुख प्रशासकीय अधिकृत